# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं

(प्रशासन शाखा)

आ.व. : २०८३/०८४
प्रेस विज्ञप्ति नं. : ५१३

मिति: २०८३।०५।२२ गते
ने.सं. ११४६

## प्रेस विज्ञप्ति

## लागु औषध कारोवारमा संलग्न जेन्जी आन्दोलनमा भिमफेदी कारागारबाट कर्तव्य ज्यान मुद्दाका फरार अभियुक्त सहित ६ जनालाई खैरो हेरोईन २२९.७८० ग्राम सहित पक्राउ गरिएको।

काठमाडौ उपत्यकामा लागु औषध विक्री गर्ने व्यक्तिहरुको निग्रानी गर्ने क्रममा लागु औषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले मिति २०८३।०५।१८ गते देखि २०८३।०५।२० गते सम्म सञ्चालन गरेको अप्रेशनमा काठमाडौ उपत्यकाका विभिन्न स्थानबाट ५ जना र पर्सा जिल्लाबाट १ जना गरि निम्न नामथर, ठेगाना भएका ६ जना व्यक्तिहरुलाई लागु औषध खैरो हेरोईन २२९.७८० ग्राम सहित पक्राउ गरी यस कार्यालयबाट थप अनुसन्धान भइरहेको।

साथै पक्राउ प्रतिवादी निशान्त रसाईली मिति २०७४।०४।१२ गते कर्तव्य ज्यान तथा डाँका चोरी मुद्दामा प्रहरी वृत महाराजगंजबाट पक्राउ परी कारागारमा कैद भुक्तान गरि रहेको अवस्थामा मिति २०८२।०५।२४ गते जेन्जी आन्दोलनको क्रममा भिमफेदी कारागारबाट भागी फरार रहेको अभिलेखबाट देखिन आएको।

निम्न:-

**मिति २०८३।०५।१८ गते खैरो हेरोईन ७५.७८० ग्राम सहित २ जना पक्राउ।**

१. जिल्ला गुल्मी घुर्कोट गा.पा. वडा नं. १ ठेगाना भएका वर्ष ३० को कस्मिर भुषाल।
२. जिल्ला काभ्रेपलाञ्चोक पाँचखाल न.पा. वडा नं. १२ ठेगाना भएका वर्ष २९ को निशान्त रसाईली।

**मिति २०८३।०५।२० गते खैरो हेरोईन १५४ ग्राम सहित ४ जना पक्राउ।**

१. जिल्ला पर्सा छिपहरमाई गा.पा. वडा नं. ५ ठेगाना भएका वर्ष ४० को उपेन्द्र कुमार।
२. जिल्ला काठमाडौँ गोकर्णेश्वर न.पा. वडा नं. ६ ठेगाना भएका वर्ष २७ को अभिषेक तामाङ।
३. जिल्ला सिन्धुपाल्चोक मेलम्ची न.पा. वडा नं. ९ ठेगाना भएका वर्ष २० की सरला कार्की।
४. भारत मोतिहारी जिल्ला कल्वारी दुवाह थाना ठेगाना भएका वर्ष २१ को राहुल प्रसाद। (पर्साबाट पक्राउ)

**बरामद दशी (सामानहरु) को विवरण:**

**१. लागु औषध खैरो हेरोईन २२९.७८० ग्राम**
२. डिजिटल तराजु थान २
३. नगद रु १,६०,०००।– ( एक लाख साठ्ठी हजार मात्र)
४. मोबाईल थान ६

**प्रवक्ता/सूचना अधिकारी**
**(दुर्गा राज रेग्मी)**
**प्रहरी उपरीक्षक**

टेलिफोन नं. +९७७- [०१४६११०४८], वेबसाइट: [WWW.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal]
इमेल: [ncb@nepalpolice.gov.np]